नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np


प.सं. २०७७/७८
च.नं./PMEP/ १००

मिति : २०७७/०६/१६

श्री गाउँपालिका र नगरपालिका, सबै ।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

बिषय: निर्णयको प्रतिलिपी पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १७ बमोजिम यस मन्त्रालयका मन्त्री माननीय रामेश्वर राय यादवज्यूको अध्यक्षतामा मिति २०७७/०५/३१ मा सम्पन्न निर्देशक समितिको बैठकको निर्णय नं.३ (निर्णय प्रतिलिपी पाना एक संलग्न) आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

०६।१६

(किसान न्यौपाने)
शाखा अधिकृत

## रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा १७ बमोजिमको निर्देशक समिति

### निर्णयहरु

### मिति २०७७।०५।३१

निर्णय नं १

रोजगारीको हक संरक्षण एवं आन्तरिक रोजगारीको प्रवर्द्धनका सम्बन्धमा अन्तर मन्त्रालय समन्वय र सहकार्यलाइ निरन्तरता दिने ।

निर्णय नं २

आन्तरिक रोजगारी श्रृजनाका सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम )बाट तयार गरिएको आन्तरिक रोजगारी सिर्जना सम्बन्धि नीतिगत समन्वय र विश्लेषणको अवधारणा स्वीकृत गर्ने । उक्त अवधारणापत्रमा उल्लेखित क्षेत्र पहिचान र ढाँचा तयार अनुसार आन्तरिक रोजगारी सिर्जना सम्बन्धीको विवरण सबैं बिषयगत मन्त्रालयहरुबाट तोकिएको ढाँचामा यथाशीघ्र र समन्वयात्मक रुपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाउन अनुरोध गर्ने साथै रोजगारीको विवरण एकिन गर्दा अबलम्वन गरेको विधि समेत उल्लेख गर्ने ।

निर्णय नं ३

रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ मा भएको व्यवस्था अनुसार प्रदेश र स्थानीय तहका निर्देशक समितिहरुको बैठक यथाशिघ्र राखी आन्तरिक रोजगारी प्रबर्द्धन गर्ने कार्यमा तदारुकताका साथ लाग्न प्रदेश र ७५३ स्थानीय तहहरुलाइ अनुरोध गर्ने।

निर्णय नं ४

आन्तरिक रोजगारीको प्रवर्द्धनका लागि स्वास्थ्य मापदण्ड अपनाइ सीपमुलक तालिम सञ्चालन गर्ने निकायले यथाशिघ्र कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने र सो को विवरण सार्वजनिक गर्ने, गर्न लगाउने।

निर्णय नं ५

निजी क्षेत्रका उद्योग प्रतिष्ठानले स्वास्थ्य मापदण्ड पुरा गरी उचित तरिकाले श्रम व्यवस्थापन गरी उद्योग सञ्चालन गर्न तथा सरकारी निकायहरुसंगको समन्वयमा तालिमलाइ उच्च प्राथमिकता दिइ रोजगारीका कार्यक्रमहरुलाइ विस्तार गर्दै लैजान सम्बद्ध निकायमा अनुरोध गर्ने ।

निर्णय नं ६

बजेट वक्तव्यको वुंदा नं ६५ अनुरुप साझेदारीमा रोजगारमुलक तालिम संचालन गर्न निजी क्षेत्रले आवश्यक विवरण उपलब्ध गराउने र यसमा समन्वय गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाइ अनुरोध गर्ने ।

सचिव

रामेश्वर राय यादव
मन्त्री